# सामुदायिक माध्यमिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला (ICT Lab) स्थापना सम्बन्धी कार्यविधि, २०७८

पहिलो संशोधन २०७८/७/१०

दोस्रो संशोधन २०७९/१/२३

१) परिचय

सामाजिक विकास मन्त्रालयको आ.व. २०७८/०७९ को लागि स्वीकृत कार्यक्रम अनुसार सामुदायिक माध्यमिक विद्यालयलाई ICT Lab कार्यक्रम सञ्चालन गर्न एकमुष्ट बजेट विनियोजन भएकोमा उक्त कार्यक्रमलाई पारदर्शी व्यवस्थित र नतिजामूलक तरिकाले शिक्षा विकास निर्देशनालयबाट कार्यान्वयन गर्ने अभिप्रायले यो कार्यविधि तयार गरिएको हो।

२) उद्देश्य

**यो कार्यविधिको उद्देश्य देहाय अनुसार रहेको छः**

क) ICT Lab स्थापना गर्ने विद्यालयको पहिचान गर्ने,
ख) ICT Lab स्थापना गर्ने विद्यालय छनोटको मापदण्ड निर्धारण गर्ने,
ग) मापदण्ड अनुसार छनोट भएका विद्यालयलाई ICT Lab को व्यवस्था गर्नका लागि अनुदान प्रदान गर्ने

**३) न्यूनतम शर्तहरु**

क) माध्यमिक तहसम्म सञ्चालित विद्यालय हुनुपर्ने,
ख) विद्यालयमा विद्युत पुगेको र जडान गरेको हुनुपर्ने,
ग) विद्यालयले ICT Lab स्थापना गर्न यस भन्दा अगाडि संघ, प्रदेश र स्थानीय तहबाट बजेट उपलब्ध नगराइएको भनी विद्यालय व्यवस्थापन समितिको निर्णय संलग्न हुनुपर्ने,
घ) ICT Lab को लागि छुट्टै कक्षा कोठाको व्यवस्था गरेको भनी विद्यालय व्यवस्थापन समितिको निर्णय संलग्न हुनुपर्ने।
ङ) यो कार्यक्रम प्राप्त गर्न चाहने विद्यालयले आधारभूत तहको इन्टरनेट जडान गरेको हुनुपर्नेछ तर क्षमता वृद्धि गर्ने कार्यमा यसले बाधा पुऱ्याउने छैन।

**४) विद्यालय छनोटका आधारहरु – ५० पूर्णाङ्क**

**विद्यालय छनोटको आधारहरु देहाय बमोजिम हुनेछ :**

क) माध्यमिक विद्यालय – १० पूर्णाङ्क

१) कक्षा १ देखि १२ सञ्चालन भएको भए – १० अङ्क
२) कक्षा १ देखि १० सञ्चालन भएको भए – ७ अङ्क

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय हेटौंडा, नेपाल

ख) विद्यार्थी सङ्ख्या -१० पूर्णाङ्क

१) ३०० वा सो भन्दा माथि विद्यार्थी सङ्ख्या भएको विद्यालय भए – १० अङ्क
२) ३०० भन्दा कम विद्यार्थी सङ्ख्या भएको विद्यालय भए – ७ अङ्क

ग) छात्रा भर्नादर – १० पूर्णाङ्क

१) कूल विद्यार्थी सङ्ख्याको ५० प्रतिशत वा सो भन्दा बढी छात्रा अध्ययनरत भए – १० अङ्क
२) कूल विद्यार्थी सङ्ख्याको ५० प्रतिशत भन्दा कम छात्रा अध्ययनरत भए – ७ अङ्क

घ) भौगोलिक क्षेत्र – १५ पूर्णाङ्क

१) गाउँपालिकाको विद्यालय भए – १५ अङ्क
२) नगरपालिकाको विद्यालय भए – १२ अङ्क
३) उपमहानगरपालिका/ महानगरपालिकाको विद्यालय भए – १० अङ्क

ङ) SEE को नतिजा – ५ पूर्णाङ्क

१) विगत तीन वर्षको SEE को नतिजाको औषत GPA २.०० भन्दा बढी भए – ५ अङ्क
२) विगत तीन वर्षको SEE को नतिजाको औषत GPA २.०० वा सो भन्दा कम भए – २ अङ्क

५) प्रस्ताव आह्वानको सूचना

क) शिक्षा विकास निर्देशनालयले अनुसुची १ बमोजिमको प्रस्ताव आह्वान गर्नेछ ।
ख) प्रस्ताव पेश गर्न १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।
ग) विद्यालयले प्रस्तावका साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

१. विद्यालयमा ICT Lab स्थापना गर्ने यस अघि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट बजेट उपलब्ध नभएको र ICT Lab स्थापना तथा सञ्चालन नभएको भनी विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्बन्धित स्थानीय तहबाट गरिएको किटानी सहितको सिफारिस संलग्न हुनुपर्नेछ ।
२. ICT Lab स्थापनाका लागि भौतिक पूर्वाधार तयार रहेको भनी विद्यालय व्यवस्थापन समितिको निर्णय संलग्न गर्नुपर्नेछ ।
३. ICT Lab स्थापना गर्दा हाल विद्यालयमा सो सम्बन्धी मौजुदा सामग्रीको विवरण अनुसुची २ बमोजिम विद्यालय व्यवस्थापन समितिबाट प्रमाणित सूची संलग्न हुनुपर्नेछ ।
४. ICT Lab स्थापनाका लागि खरिद गर्ने अनुसूची – ३ बमोजिमका सामग्री मध्ये उपलब्ध बजेटको सीमा भित्र रही विद्यालयलाई आवश्यक पर्ने सामग्रीको स्थानीय तहका प्राविधिकबाट तयार गरेको स्पेसिफिकेसन विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई पेश गर्नुपर्नेछ ।
५. प्रस्ताव आह्वानसँगै प्रस्तावको मूल्याङ्कनको मापदण्ड, अन्य शर्तहरु शिक्षा विकास निर्देशनालयको वेवसाइटमा समेत प्रकाशित गरिनेछ ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
हेटौंडा, नेपाल

६. सूची प्रकाशन

दफा ४ को आधारमा छनोट भएका विद्यालयहरुको नामावली निर्देशनालयले PLMBIS मा प्रविष्ट गर्न मन्त्रालयमा पठाउनु पर्नेछ । त्यस्तो नामावली निर्देशनालयको वेवसाइटमा समेत प्रकाशित गरिनेछ । PLMBIS मा प्रविष्टी भए पश्चात सम्बन्धित विद्यालयलाई सम्झौताको लागि निर्देशनालयले पत्राचार गर्नेछ

७. अनुदान रकम

क) छनोट भएका विद्यालयलाई ICT Lab को लागि बढीमा रु. १५ लाख उपलब्ध गराइनेछ

ख) सम्झौता अनुसारको प्रथम किस्ता ४० प्रतिशत अनुदान रकम विद्यालयको खातामा उपलब्ध गराइनेछ

ग) निर्देशनालयबाट ICT Lab स्थापनाको कार्य प्रगतिको अनुगमन गर्न सक्नेछ ।

घ) विद्यालयले कार्यक्रम अनुगमनका लागि सम्बन्धित स्थानीय तहको प्रतिनिधि, विद्यालय व्यवस्थापन समितिको प्रतिनिधि र शिक्षक प्रतिनिधि समेत रहेको एक अनुगमन समिति गठन गर्नु पर्नेछ ।

ङ) दफा ७ (घ) अनुसार समितिले कार्य सम्पन्न भएको प्रतिवेदन, स्थानीय तहका प्राविधिकबाट स्पेसिफिकेशन अनुसारको कार्य सम्पन्न भई प्रयोगशाला जडान तथा सञ्चालन योग्य भएको प्रतिवेदन, विद्यालय व्यवस्थापन समितिको निर्णय, सामान खरिद गरेको बिल भरपाई र सो बमोजिमको रकम बैंकिङ प्रणाली मार्फत सामग्री आपूर्ति गर्ने सम्बन्धित फर्मको खातामा भुक्तानी दिएको प्रमाण सहित कार्य सम्पन्न प्रतिवेदन पेश भए पछि बाँकी ६० प्रतिशत रकम निकासा दिइनेछ ।

च) छनोटमा परेका विद्यालयले निर्देशनालयले तोकिएको म्याद भित्र सम्झौता गरिसक्नु पर्नेछ

छ) तोकिएको म्याद भित्र सम्झौता गर्न नआए त्यस्तो विद्यालयलाई कार्यक्रम दिन निर्देशनालय बाध्य हुने छैन ।

ज) सम्झौता भएको १५ दिन भित्र कार्य प्रारम्भ गरी चैत्र महिना भित्र सम्पन्न गरिसक्नु पर्नेछ । कार्य प्रारम्भको जानकारी शिक्षा विकास निर्देशनालयलाई दिनु पर्नेछ ।

**तर तोकिएको समयभित्र कार्य सम्पन्न हुन नसक्ने कारण मनासिब देखिएमा शिक्षा विकास निर्देशकले अर्को वर्षको लागि आर्थिक दायित्व नपर्ने गरी २०७९ असार १५ सम्म म्याद थप गर्न सकिनेछ ।**

झ) विद्यालयले सामग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन, नियम अनुसारको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय हेटौंडा, नेपाल

## अनुसूची –१

## सामुदायिक विद्यालयमा ICT Lab स्थापना सम्बन्धी प्रस्ताव

### १.१ परिचय

क) विद्यालयको नाम :
ठेगाना : मो.नं. इमेल :
ख) प्रधानाध्यापकको नाम :
ग) परियोजनाको नाम :
घ) परियोजनाको लागत :
ङ) परियोजनाको खर्चको स्रोत :
च) परियोजनाको शुरु हुने मिति :
छ) परियोजना सम्पन्न मिति :

### १.२ विद्यालय परिचय

क) विद्यालय : विद्यालयको स्थापना कालदेखि हालसम्मको अवस्था
ख) शैक्षिक उपलब्धिको अवस्था :
ग) बस्तीको सामाजिक नक्शा :
घ) उद्देश्य :

**ङ) विद्यालयको वर्तमान अवस्था :**

जनशक्ति :

विद्यार्थी सङ्ख्या :

शैक्षिक उपलब्धि :

भौतिक अवस्था ( भवन र कोठा सङ्ख्या खुल्ने गरी)

विद्युत जडान वा इलेक्ट्रिसिटीको अन्य व्यवस्था

### १.३ शिक्षण सिकाइमा योगदान

क) प्रयोग रणनीति :
ख) प्रत्यक्ष लाभान्वित विद्यार्थी सङ्ख्या :
ग) प्रत्यक्ष लाभान्वित शिक्षक सङ्ख्या :
घ) प्रस्तावमा समावेश हुनुपर्ने कागजाताहरु :

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
हेटौंडा, नेपाल

नोट : प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरु

१. यस वर्ष र यसभन्दा अगाडि यो कार्यक्रम उक्त विद्यालयलाई दिइएको छैन भन्ने व्यहोराको स्थानीय तहको सिफारिस
२. प्रस्तावित कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाईबाट कार्यक्रम प्राप्त भए नभएको सिफारिस
३. विद्यालय व्यवस्थापन समितिको निर्णयका प्रतिलिपि

# अनुसूची – २

## ICT Lab को लागि आवश्यक न्यूनतम सामग्री

| S.N. | Item |
|---|---|
| 1 | Branded dasktop : |
| 2 | Branded laptop : |
| 3 | 3 in 1 printer (branded ) |
| 4 | School website and e-library portal |
| 5 | Integrated CPU with projector and in- built interactive system with required accessories (branded) |
| 6 | Interactive whiteboard |
| 7 | Projector |
| 8 | Furniture management |

द्रष्टव्य :

क) विद्यालयले माथि उल्लिखित सामानहरुको विस्तृत Technical specification तयार गराई सार्वजनिक सूचना गर्नुपर्नेछ ।

ख) विद्यालयले प्रतिस्पर्धाबाट सामग्री आपूर्ति गर्न छनौट भएको फर्मबाट नमूना परीक्षण गर्नुपर्ने व्यवस्था खरिद सम्बन्धी सर्तमा समावेश गर्नुपर्नेछ ।

ग) विद्यालयले शिक्षण सिकाइको उद्देश्य पूरा हुनेगरी प्रतिस्पर्धात्मक तरिकाले नयाँ प्रविधियुक्त सामग्री सार्वजनिक खरिद ऐन, नियमावलीले तोकेको प्रक्रिया पूरा गरेर खरिद गर्न बाधा पर्नेछैन ।